जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८४ पृष्ठः ४ | २०८२ फाल्गुन २४ आइतबार (Sunday 08 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिराहा–२ मा रास्वपाका शिवशंकर यादवको जित



सिरहा, २३ फाल्गुन। सिरहा निर्वाचन क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जित हासिल गरेको छ। प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम अनुसार रास्वपाका उम्मेदवार शिवशंकर यादव भारी मतान्तरसहित विजयी भएका हुन्। विजयी यादवले ३९ हजार ५६१ मत प्राप्त गरेका छन्।

उनले निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार रामचन्द्र यादवलाई २६ हजार ७४७ को विशाल मतान्तरले पराजित गरेका हुन्। यादवले १२ हजार ८१४ मत प्राप्त गरेका छन्। त्यस्तै, नेकपा (एमाले) का उम्मेदवार नविनकुमार यादव ६ हजार ७१३ मतका साथ तेस्रो स्थानमा खुम्चिएका छन्।

## झापा–५ मा रास्वपाका बालेन्द्र शाहको फराकिलो जित, एमाले अध्यक्ष ओली पराजित

### ठूलो मतान्तरले विजयी शाहलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेको छ।

काठमाडौँ, २३ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनको ‘इपिसेन्टर’ बनेको झापा क्षेत्र नम्बर ५ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन्द्र शाह (बालेन) ठूलो मतान्तरसहित विजयी भएका छन्। रास्वपाले शाहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेकाले पनि झापा–५ मा धेरैको चासो थियो। काठमाडौं महानगरपालिकाका पूर्व–नगरप्रमुख शाह नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग चुनावी प्रतिस्पर्धामा थिए। शाह रास्वपाका वरिष्ठ नेता हुन्।

ओलीलाई उनले ४९ हजार ६१४ मतले पराजित गरेका हुन्।



निर्वाचन आयोगका अनुसार शाहले ६८ हजार ३४८ मत ल्याउँदा ओली १८ हजार ७३४ मै सीमित भए। ओली ०७९ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका खगेन्द्र पाण्डव अधिकारीलाई २८ हजार ५ सय ७६ मतान्तरले पराजित गर्दै विजयी भएका थिए।

त्यतिबेला ओलीले ५२ हजार ३ सय १९ मत पाउँदा अधिकारीले २३ हजार ७ सय ४३ मत मात्रै ल्याएका थिए।

## विजयी जुलुस नगर्न रास्वपाको आग्रह

काठमाडौँ, २३ फाल्गुन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति एवम् सङ्घीय निर्वाचन सम्पादन समिति संयोजक डिपी अर्यालले रास्वपाबाट निर्वाचित हुने उम्मेदवार तथा पार्टीका शुभचिन्तकलाई विजयी र्‍याली ननिकाल्न आग्रह गर्नुभएको छ। शनिबार एक भिडियो सन्देश जारी गर्दै उहाँले निर्वाचित हुने उम्मेदवारसँग अबिर जात्रा गर्ने, रमाइलो गर्ने, खुसी साटासाट गर्ने तथा र्‍याली गर्ने धेरैको चाहना भए पनि यो विजयी जुलुस निकाल्ने समय नभएको बताउनुभयो। यस पटकको निर्वाचन आउनुमा जेनजी उमेर समूहका नानीबाबुहरुको ज्यान गुमाएको पीडा हामीबाट नसेलाएको उल्लेख गर्दै उहाँले मध्यपूर्वमा केही समय अघिदेखि भइरहेको घटनाका कारण पनि विजयी जुलुस ननिकाल्न आग्रह गर्नुभयो।

“हामीलाई जनताले सरकार बनाउन र जनताका लागि काम गर्नका लागि दिएको कार्यादेश हो, त्यसैले हामीले जनताका लागि काम गरेपछि मतदाताहरुसँग घरदैलो गर्ने नै छौँ”, उहाँले भन्नुभयो। अर्यालले मतगणना स्थलमा मात्रै शुभेच्छुकलाई धन्यवाद दिन आग्रह गर्नुभयो।

## धनुषा–३ मा रास्वपाका झा निर्वाचित

जनकपुर, २३ फाल्गुन। धनुषा–३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार मनिष झा प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उहाँले ४३ हजार ९८८ मत प्राप्त गरी निर्वाचित हुनु भएको हो। उहाँ रास्वपाका प्रवक्ता समेत हुनुहुन्छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत सुभाषबाबु पुरीका अनुसार सो क्षेत्रमा नेपाली कांग्रेसका बिमलेन्द्र निधिले १६ हजार ६५२ मत र नेकपा (एमाले) का जुलिकुमारी महतोले नौ हजार ७८६ मत प्राप्त गर्नुभएको छ।






GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## केही केन्द्रमा मतदानै भएन

देशभर ६० प्रतिशत जति मतदान भएको समाचार छ। यो उति उत्साहजनक सहभागिता त होइन तर यसलाई निराशाजनक भनिहाल्न पनि मिल्दैन। सालाखाला ६० प्रतिशत मतदान हुनुलाई स्वाभाविकै मान्ने गरिन्छ। देशमा विशेष परिस्थितिमा भएको चुनावप्रति जनमानसमा व्यापक चासो थियो। देश नै निर्वाचनमय भए भैँ लाग्थ्यो। राजनीतिक दलका नेताहरू ज्यान छाडेर चुनावमा लागेका थिए। यस्तो अवस्थामा पनि केही ठाउँका मतदाताले भोटै हालेनन्।

उनीहरूले निर्वाचनविरुद्ध विद्रोह गरेका होइनन्।यस्तै निर्वाचन प्रक्रियाप्रति असन्तुष्ट भएर भोट हाल्न नगएका पनि होइनन्। राज्यले आफूलाई हेपेको प्रतिवादमा सिंगै गाउँले मतदान नगरेर भद्र अवज्ञा गरेका हुन्। सामान्य गाउँलेहरूले यसरी विद्रोह गर्नु अस्वाभाविक हो। बबई – १ को एउटा मतदान केन्द्रमा त बस्ती स्थानान्तरणको माग पूरा नगरिएकोमा मतदान नगरिएको रहेछ। दोलखा, दार्चुला र ओखलढुंगाका मतदान नगर्नेहरूको पनि आआफ्नै गुनासा रहेछन्।

मतदान नगर्ने केन्द्रका मतदाताहरूको माग ठूला र पूरा गर्नै नसकिने प्रकृतिका पनि देखिँदैनन्। कसैको गुनासो मतदान केन्द्र टाढा भएको भन्ने छ भने कतै अस्पताललाई बजेट नदिएकोमा चित्त जनताले दुखाएका रहेछन्। उनीहरूको गुनासो राज्यले सुन्नुपर्थ्यो। नागरिकहरूलाई शासकहरू रैती नै ठाने पनि गुहार मागेपछि सम्बोधन गर्नु शासकको कर्तव्य हो। नेपाल त संविधानअनुसार संघीय लोकतान्त्रिक गणतन्त्र हो।

माग पूरा गर्न सक्ने नसक्ने अर्को विषय हो तर उपेक्षा गर्ने प्रवृत्तिले नागरिकहरूलाई मतदान बहिष्कार गर्ने बाध्यतामा पुऱ्याउँदो रहेछ। यसरी मतदानै बहिष्कार गर्ने निर्णयमा पुग्न बाध्य नागरिकहरूले राज्यलाई कसरी आफ्नो ठान्ने ? नागरिकले आफ्नो नठानेको राज्यको भविष्य उज्यालो हुँदैन। सरकार बदलिने भएको छ। पुराना राजनीतिक दलहरूलाई यसपटक नेपाली मतदाताले नराम्ररी दुत्कारेका छन्। यसको एउटा कारण यही नागरिकलाई हेपेर बेवास्ता गर्ने शासकीय संस्कार हो। निर्वाचनपछि बन्ने सरकारले राज्य संयन्त्रमा विद्यमान यही संस्कार बदल्नुपर्छ।

नागरिकहरूको सानातिना गुनासा र माग पनि सुन्ने, समाधान गरिदिने र समाधान गर्न नसकिने भए तिनलाई चित्तबुभ्दो उत्तरमात्रै भए पनि दिने संस्कार सरकारी संयन्त्रमा विकास हुनुपर्‍यो। अनि न जनताले लोकतन्त्रको अनुभूति गर्छन्। राणाकालीन रैतीजस्तै हेपिन र उपेक्षा सहन पर्ने हो भने किन कसैले भोट हालोस् त दिनभरको काम खेर फालेर ? आउने सरकारका हर्ताकर्ताहरूले पनि आफूलाई राज्यका मालिक ठानिरहलान् कि जनताका सेवक ठान्लान् ? सायद यसैको उत्तरमा निहित हुनेछ अर्कोपटक भोट हाल्न जाने र नजाने निर्णय ?

## पर्सा–२ मा रास्वपाका कानु विजयी

पर्सा, २३ फाल्गुन। पर्सा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुशीलकुमार कानु विजयी हुनुभएको छ। निर्वाचन अधिकृत मधुसुदन आचार्यले रास्वपाका उम्मेदवार कानु ३० हजार ७४० मतसहित विजयी हुनुभएको घोषणा गर्नुभयो। सो क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार अजयकुमार चौरसियाले ११ हजार आठ सय ९० मत प्राप्त गर्नुभएको छ। नेकपा (एमाले)का उम्मेदवार रिमाकुमारी यादवले ११ हजार ६०५ मत ल्याउनुभएको छ। त्यस्तै जनता समाजवादी पार्टीका अशोककुमार अग्रवालले दुई हजार ६४२ मत ल्याउनुभएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार बिना जैसवालले एक हजार नौ सय ९९ मत ल्याउनुभएको छ।

यस क्षेत्रमा ३१ जना उम्मेदवारले प्रतिस्पर्धामा हुनुहुन्थ्यो। स्वतन्त्रतर्फ १४ जना र दलीय उम्मेदवारतर्फ १७ जना हुनुहुन्छ। पर्सा क्षेत्र नम्बर २ मा कुल मतदाता संख्या ९५ हजार एक सय २० जनामध्ये प्रत्यक्षतर्फ ६५ हजार आठ सय ७८ मत खसेको छ। सोमध्ये चार हजार पाँच सय ६८ मत बदर भएको छ भने सदर मत भने ६१ हजार तीन सय १० रहेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# सीके लालसँग वार्ता : ‘निर्वाचन परिणाम स्वाभाविक र प्रत्याशित’

जुन उद्देश्यका लागि यो सरकार गठन भएको थियो, त्यसले निर्वाचन गरायो र अपेक्षित परिणामतिर उन्मुख छ। यसमा केही अस्वाभाविक छैन।



२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मत परिणाम आउन सुरु भएको छ। मत गणनाको प्रारम्भिक रुझानले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भारी मतले विजयी हुने देखाएको छ। निर्वाचन परिणाम र आगामी राजनीतिबारे विश्लेषक सीके लालसँग संचारकर्मी सन्त गाहा मगरले गरेको संवादः

**मत परिणामको प्रारम्भिक रुझानलाई कसरी हेर्नु भएको छ ?**

यो परिणाम अप्रत्यासित जस्तो लाग्दैन। हावा कता चलेको छ भन्ने त मिडियाले देखाइरहेकै थिए। जुन उद्देश्यका लागि यो सरकार गठन भएको थियो, त्यसले निर्वाचन गरायो र अपेक्षित परिणामतिर उन्मुख छ। यसमा केही अस्वाभाविक छैन।

**रास्वपाप्रतिको आकर्षणका कारणहरू के–के हुन सक्छन् ?**

यो आकर्षण होइन, स्थापित दलहरूप्रतिको विकर्षण हो। किनभने, सन् २०१५ देखि नै लगभग सबै दल एउटै भएर गइसकेका थिए। त्यसमा रास्वपा पनि मिसिएको थियो, खासगरी रवि लामिछाने उपप्रधानमन्त्री भएपछि। तर उनी निष्काशित भइसकेपछि दुइटा धार देखियो– एउटा स्थापित शक्ति र अर्को अलि फरक।

**फरकतिर आकर्षण छैन भन्ने कुरा त कम मत खसेको तथ्याङ्कले नै देखायो। तर खसेको मतमा पुरानाहरूप्रति विकर्षण कति धेरै छ भन्ने कुरा पनि देखियो नि त ?**

यहाँले पुराना दलहरू भन्नुभयो। तर नेपाली कांग्रेसमा गगन थापाको नेतृत्व आइसकेपछि एउटा परिवर्तन भएको र एक किसिमको गति लेला भन्ने उहाँहरूको दाबी थियो। भदौ २३ र २४ मा जे भयो, त्यसलाई नेपाली कांग्रेसका नेताहरूले सुरुमै ‘हामीबाट गल्ती भयो, हामी सुधारेर जान्छौं’ भनेका थिए।

**त्यति हुँदाहुँदै पनि त्यसको खासै प्रभाव परेको देखिएन नि ?**

घरमा आगो लागिसकेपछि मबाट गल्ती भएको थियो भनेर त्यो गल्तीले घर त फर्किँदैन नि ! कांग्रेस रातारात समाप्त भएको होइन। सन् २०१५ देखि नै कांग्रेसले जुन बाटो समातेको थियो, त्यो बाटोको ड्राइभर कहिले सुशील कोइराला त कहिले शेरबहादुर देउवा भए पनि त्यसको सहचालक र सहयोगीमा त गगन थापाहरू पनि थिए नि ! त्यसैले त्यो पार्टीप्रतिको विकर्षण हुनु स्वाभाविक थियो।

**रास्वपा सभापतिको लोकप्रियता २०७९ को चुनावमा भन्दा खस्किँदो थियो। काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाहको प्रवेशकै कारणले यो लहर आएको भन्न खोज्नुभएको हो ?**

बालेन्द्र शाहले मात्रै लहर ल्याएको भनेर एउटा व्यक्तिलाई त्यति ठूलो सिंहासनमा अहिले नराखिहालौं। मुख्य कुरा के हो भने, रास्वपाले जुन उम्मेदवारहरू उठाएको थियो, तीमध्ये केही बाहेक सबै नयाँ अनुहार थिए। पुरानाहरूलाई यत्रो वर्ष हेरियो, यिनलाई पनि एकचोटी हेरौँ न त भन्ने किसिमको भाव देखियो। जसरी एकपटक माओवादीलाई पनि हेरौँ भन्ने भएको थियो। किनभने, कांग्रेस र एमालेसँग विकर्षण बढेको थियो, अहिले माओवादीप्रति पनि विकर्षण छ। मैले यो कुरा दोहोऱ्याउनुपर्छ– रास्वपाको यो जनमत बालेन वा रवि कसैप्रतिको आकर्षण होइन, स्थापित दलहरूप्रतिको विकर्षण हो।

आकर्षण नै भइदिएको भए त खसेको मतको संख्या ६० प्रतिशत मात्रै किन हुन्थ्यो ? ७४–७५ प्रतिशत हुन्थ्यो नि ! त्यसलाई पो ‘इलेक्टोरल सुनामी’ वा चुनावको लहर आएको भन्छन् त। यो कुनै आकर्षणको लहर होइन, विकर्षणको लहर हो।

**हामीले अघि नेपाली कांग्रेसको कुरा गऱ्यौँ। अब नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी (जो हिजोको माओवादी पनि हो) र अर्को नेपाल मजदुर किसान पार्टी, जनमोर्चा, राप्रपा जस्ता दलहरूका लागि यो निर्वाचनको सन्देश के हो ?**

दलहरूका लागि के सन्देश हो भने, यो देशमा सन् २०१५ देखि जुन किसिमको राजनीति सुरु भयो, त्यसले परिवर्तनको सपना तुहाइदियो। पहिलो संविधानसभाले नेपाली समाजमा एउटा ठूलो परिवर्तनको सपना देखाएको थियो। तर त्यो सपनाको निर्मम हत्या जुन दलहरूले गरे (कोही पक्षमा रहेर, कोही विपक्षमा रहेर), तिनलाई जनताले दण्ड दिएका हुन्। नेपालको चाहनालाई ठम्याउने किसिमको संगठनको नयाँ स्वरूप र नेतृत्वमा नयाँ अनुहार ल्याउनु जरुरी छ। ४०, ३० वा २५ वर्षदेखि नेतृत्वमा उस्ता उस्तै अनुहार देखेपछि नयाँप्रति अलिकति आकर्षण त हुन्छ नि। सामान्य मतदाताको पुस्ता फेरिसक्यो, तर भोट माग्ने नेतृत्वमा उही पुरानो पुस्ता छ इतिहासको ब्याज मात्रै खाएर सधैँ पाइँदैन नि !

**यो राजनीतिमा प्रकट भए पनि यससँग सामाजिक–सांस्कृतिक सबै कुराहरू जोडिन्छन्। त्यो कोणबाट हेर्दा रास्वपाको यो उदयलाई कसरी लिन सकिएला ?**

त्यसमा चाहिँ दुर्भाग्यवश कुनै खासै परिवर्तन हुने सम्भावना आजको मितिसम्म देखिँदैन। किनभने, चार वटा एमालेमध्ये तीन वटा एमाले तल गएका छन्, एउटा एमाले माथि आएको छ। त्यो भनेको निर्जातीय बहुसंख्यकवाद, खस–आर्य निर्जातीय राष्ट्रवाद हो। त्यसको वर्चस्वलाई रास्वपाले चुनौती दिँदैन किनभने रास्वपा पनि त्यही प्रचलनका आधारमा निर्वाचनमा आएको हो।

**यहाँले अघि परिवर्तनको चाहनाले नयाँ पार्टीले मत पाएको कुरा गर्नुभएको थियो। रास्वपा त २०७९ को निर्वाचनमै आइसकेको पार्टी हो। त्यसभन्दा पछाडि आएका उज्यालो नेपाल पार्टी लगायतका पार्टीप्रति त आकर्षण देखिएन नि ?**

चाहनाले मात्र हुँदैन। मतदाताको चाहना र मतपेटिकासम्मको यात्रामा तपाईंले विचार गर्नुभयो भने अरू धेरै अवयवहरूले काम गर्छन्। कसको प्रचारमा कति धेरै स्रोत (पैसा) प्रयोग भएको छ ? कस्तो किसिमको माहोल ? ‘यो जित्दै छ’ भन्ने माहोल बनाउनमा तपाईंहरू जस्तो मिडियाले कत्तिको मिहिनेत गरेको छ ?

कुलमानजी वा हर्क साम्पाङको कुन चाहिँ फेसबुक, ट्विटर वा इन्स्टाग्राममा रास्वपाले जस्तो खर्च गरेको थियो ? देखिने गरी वा नदेखिने गरी अथवा यो मूलधार भनिने खस–आर्यवादी मिडियामा कता हेर्नुभयो उहाँहरूको अनुहार ? तपाईंहरूले नै उहाँहरूलाई ‘स्पेस’ दिनुभएन। त्यो मतदाताको चाहना र मतपेटिकासम्मको दूरी तय गर्न जुन किसिमका यात्रुवाहकहरू चाहिन्छन्, त्यो न कुलमान घिसिङसँग थियो न हर्क साम्पाङसँग।

**यो जित्दै गरेको दल र नेतृत्वलाई केही भन्न चाहनुहुन्छ, यो गणना भइरहेको बेलामा ?**

उहाँहरूलाई अहिले के भन्ने ? उहाँहरूलाई त अहिले उन्माद छ, स्याम्पेनको बोतल खोल्नुहोला, नाच्नुहोला। सिंहदरबार जल्दा त नाच्नुभएको थियो, अहिले नाच्न दिनुस् ! अहिले केही सल्लाह दियो भने उल्टो असर पर्छ।

**यो मतपरिणामले के भनिरहेको हो ? अब नेपाली राजनीति कता जाने संकेत हो ?**

कस्तो भने, यो देशमा अस्थिरता त्यति सजिलैसँग जाँदैन। किनभने, स्थिरताका नाममा यहाँ यति धेरै अत्याचार भएको छ। कहिले पञ्चायतका नाममा, कहिले सबै पार्टी मिलेर ! ‘स्थिरता’ को नाममा तर्साएर नेपाली मतदाताको मनस्थितिलाई यति धेरै गिजोलिएको छ कि स्थिरता र अस्थिरताबीचको द्वन्द्व कायमै रहन्छ। अनुहार फेरिएको छ। मैले अघि नै भनेँ– चारवटा एमालेमध्ये अर्को एउटा एमाले तलबाट माथि आएको छ। त्योभन्दा धेरै फरक राजनीति आजको मितिसम्म देखिँदैन। भोलि फरक होस्, त्यो हामी प्रार्थना गरौँ। जित्नेहरूलाई शुभकामना दिऊँ पछाडि परेकाहरूलाई– राजनीतिमा हार भनेको हुँदैन, अगाडि र पछाडि पर्ने मात्रै हुन्छ। त्यसैले पछाडि पर्नेहरूले आफ्नो आत्मालोचना गर्नुस्, आत्ममन्थन गर्नुस्, कहाँ चुक भयो विचार गर्नुस् र त्यहीअनुसार सुभिनुस्। अनलाइन खबरबाट

# १८ वर्षमै मधेसी दल शून्यमा : बालेनको 'आँधीबेहरी' ले पत्तासाफ

काठमाडौँ, २३ फाल्गुन। फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा चुनावको मतगणना जारी छ हालसम्मको परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अग्रस्थानमा देखिएको छ। यसपटकको निर्वाचनमा मधेसकेन्द्रित दलहरू कतै पनि देखिएका छैनन्। न उनीहरू अग्रस्थानमा छन्, न त कतै प्रतिस्पर्धामा नै। अब उनीहरूको जितको सम्भावना पनि क्षीण भइसकेको छ। नेपालको राजनीतिक इतिहासमा कुनै राष्ट्रिय दलको यति खराब हालत सायदै कहिल्यै भएको थिएन। राजनीतिक मामिलाका जानकार विजयकान्त कर्ण भन्छन्, 'यति छोटो समयमा यसरी समाप्त हुनु नेपालको इतिहासमा सम्भवतः पहिलो घटना होला।'

विगतमा देशमा जस्तोसुकै संकट आउँदा पनि मधेसवादी दलहरूको हालत यस्तो हुँदैनथ्यो। गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना पार्टीलाई कुनै न कुनै रूपमा जीवित राखेका थिए। तर, यसपटक त्यस्तो अवस्था रहेन। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), डा. सीके राउत नेतृत्वको जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीलगायत पछिल्लो समय खुलेका जनअधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टीजस्ता कुनै पनि मधेशकेन्द्रित दलले एक सिट पनि जित्न सकेनन्।

यीमध्ये जसपा नेपाल र जनमत पार्टीले मधेसमा पहिलो पार्टी बन्ने दाबी गरेका थिए। तर, सप्तरी–२ बाट जनमतका अध्यक्ष राउत र सप्तरी–३ बाट जसपा अध्यक्ष यादवसमेत चुनाव हार्ने लगभग निश्चित भएको छ। निर्वाचन आयोगका अनुसार जनमत पार्टीका अध्यक्ष सीके राउत ४ हजार १०३ मत ल्याएर तेस्रो स्थानमा खुम्चिएका छन् भने रास्वपाका उम्मेदवार रामजी यादव १० हजार ५२० मतसहित पहिलो स्थानमा छन्। उता, सप्तरी–३ मा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव ९ हजार ४४० मत ल्याएर दोस्रो स्थानमा सीमित भएका छन् भने रास्वपाका अमरकान्त चौधरी १६ हजार ११३ मतसहित पहिलो स्थानमा छन्।

सर्लाही–२ मा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो ५ हजार ९९२ मत ल्याएर चौथो स्थानमै रोकिए। त्यहाँ रास्वपाका रविन महतो ४२ हजार ५१२ मतसहित विजयी भएका छन्। कतिपय ठाउँमा मधेसवादी दलका उम्मेदवारको जमानतसमेत जफत भएको छ। सप्तरी–१ मा जनमत पार्टीका अध्यक्ष राउतका दाजु जयकान्त राउत पाँचौँ स्थानमा छन्। ४४ वर्षदेखि राजनीतिमा रहेर १९ पटकसम्म मन्त्री भइसकेका जसपा नेपालका नेता शरतसिंह भण्डारी महोत्तरी–२ मा दोस्रो स्थानमा छन्। त्यहाँ पहिलो स्थानमा रहेका रास्वपाका दीपककुमार साह २० हजार मतले अगाडि छन्।

महोत्तरी–३ लोसपा अध्यक्ष महन्थ ठाकुरको आधार क्षेत्र मानिन्छ। उनी आफैँले त्यहाँबाट दुई पटक चुनाव जितेका थिए। यसपटक आफू राष्ट्रिय सभा सदस्य बनेपछि उनले छोरी डा. मीनाक्षी झालाई उम्मेदवार बनाएका थिए। तर, उनी जम्मा ३९१ मत ल्याएर छैटौँ स्थानमा खुम्चिएकी छन्। त्यहाँ पहिलो स्थानमा रहेका रास्वपाका उज्ज्वलकुमार झा ४ हजार ८८७ मतले अगाडि छन् भने उनीसँग स्वतन्त्र उम्मेदवार रामआधार कापर प्रतिस्पर्धामा छन्। महोत्तरी–४ मा जसपा नेपालका डा. सुरेन्द्र यादव तेस्रो र जनमत पार्टी छैटौँ स्थानमा छन्। मधेश केन्द्रित दलहरूको लगभग यस्तै दयनीय अवस्था सबै निर्वाचन क्षेत्रमा देखिएको छ।

यी मधेसवादी दलहरूका लागि यो पाँचौँ चुनाव हो। यति छोटो समयमै उनीहरू शून्यको अवस्थामा आइपुगेका छन्। २०६४, २०७०, २०७४, २०७९ र २०८२ को चुनावमा भाग लिएका यी दलहरू मधेस आन्दोलनको जगबाट उदाएका थिए। २०६४ को चुनावमा उनीहरूले राम्रो नतिजा ल्याएका थिए, तर सत्ताको खेलमा यसरी लागे कि छोटो समयमै दलहरू टुक्रा–टुक्रा भए। त्यसको खराब नतिजा २०७० को चुनावमा देखियो। २०७० मा चुनाव जिते पनि उनीहरू सत्ताभन्दा टाढै बसे। त्यसको फाइदा २०७४ को चुनावमा मधेसवादी दलहरूलाई भयो। तर, त्यसपछि फेरि उनीहरू सत्ताको खेलमै रुमल्लिए। प्रदेशदेखि संघसम्म सत्तामा रमाउन थाले। त्यसको असर २०७९ को निर्वाचनमा देखियो। त्यतिबेला जति सिट आए पनि उनीहरू पुनः सत्ताकै खेलमा लागे। त्यसैको परिणामस्वरुप २०८२ को चुनावमा उनीहरू शून्यमा झरेका हुन्।

राजनीतिक विश्लेषक कर्ण भन्छन्, 'मधेस आन्दोलनपछि राज्यसँग जुन सम्झौता भएको थियो, त्यसको कार्यान्वयनतिर लाग्नुपर्थ्यो। तर, त्यतातिर ध्यान नदिएर उनीहरू सत्ताको दौडधुपमा मात्र लागे। सत्तालाई जनताको सेवाभन्दा पनि पैसा कमाउने माध्यम बनाए। यसबाट उनीहरू यति बदनाम भए कि अहिले विकल्पका रूपमा त्यहाँका जनताले बालेन र रास्वपालाई रोजे।' सरकारसँग भएको सम्झौता कार्यान्वयनका लागि उनीहरू केही समय आन्दोलनमै रहनुपर्थ्यो। आन्दोलनबाटै दबाब बढाएर माग पूरा गराउनुपर्थ्यो। तर, त्यसो नगरी जनताको भावनासँग खेलबाड गरे। आज त्यसैको नतिजा यी दलहरूले भोगिरहेका छन्। विश्लेषक कर्णले मधेसवादी दलहरूको आफ्नै कमजोरीलाई यसको प्रमुख कारण मानेका छन्।

'मधेस आन्दोलनको म्यान्डेट सत्तामा जाने होइन, सम्झौता कार्यान्वयन गराउने थियो,' कर्णले भने, 'तर, दलहरूले त्यसलाई सत्तासँग बार्गेनिङ गर्ने माध्यम बनाएका कारण जनतामा असन्तुष्टि बढ्यो।' उनका अनुसार २०७४ पछि मधेसी दलहरू निरन्तर सरकारमा सहभागी भए पनि जनताको अपेक्षाअनुसार काम गर्न सकेनन्। मन्त्री बन्नु नै पैसा कमाउने माध्यम जस्तो देखिएका कारण पनि जनताले विकल्प खोजेको उनले बताए। यता, पुराना राजनीतिकर्मी भरतविमल यादवका अनुसार बालेन शाहको लहरले मधेसवादी दललाई मात्र नभई अन्य दलहरूलाई पनि ठुलो असर गरेको छ। बालेन मधेसी समुदायबाटै आएका कारण मधेसवादी दललाई तुलनात्मक रूपमा बढी क्षति पुगेको उनको विश्लेषण छ।

यादवका अनुसार धेरै मतदातालाई बालेन कुन पार्टीका हुन् वा कहाँका हुन् भन्ने स्पष्ट जानकारी नभए पनि 'उनी मधेसी हुन् र प्रधानमन्त्री बन्ने सम्भावना छ' भन्ने भाष्य फैलिएको थियो। यही कारणले मधेसी मतदाताले उत्साहका साथ उनलाई मतदान गरेको यादवको दाबी छ। सामाजिक अभियन्ता सरोज रायले पनि मधेसवादी दलको कमजोर प्रदर्शनमा बालेन शाहको प्रभाव महत्वपूर्ण रहेको बताए। उनका अनुसार मधेसमा 'मधेसकै छोरा प्रधानमन्त्री बन्ने' सन्देशले मतदातामा ठुलो प्रभाव पारेको थियो। रायका अनुसार मधेस प्रदेशको नेतृत्व लामो समयसम्म मधेसवादी दलकै हातमा रहे पनि जनताले अपेक्षा गरेअनुसारको विकास र सुशासनको अनुभूति गर्न पाएनन्। भ्रष्टाचारको आरोप र बढ्दो असन्तुष्टिले जनतामा विकल्प खोज्ने प्रवृत्ति बढाएको उनले बताए।

उता, जनता समाजवादी पार्टी नेपालका नेता मनिष सुमनले भने यो परिणामलाई 'बालेन लहर' को प्रभावका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार उक्त लहरले सबै दललाई असर गरेको छ। 'हामीमा पनि केही कमजोरी हुन सक्छन्, तर मुख्य कुरा बालेनको आँधीबेहरी हो,' उनले स्विकार्दै भने, 'मधेसबाट मधेसीको छोरा प्रधानमन्त्री बन्ने प्रचार भएपछि धेरै मतदाता त्यसतर्फ आकर्षित भए।' विश्लेषकहरूका अनुसार यो परिणामले मधेसवादी दलहरूलाई गम्भीर आत्ममूल्यांकन गर्ने अवसर दिएको छ। उनीहरूका अनुसार जनता अब मुद्दा मात्र उठाउने होइन, त्यसको कार्यान्वयन पनि देख्न चाहन्छन्। यस्तो अवस्थामा दलहरूले आफ्ना नीतिगत प्राथमिकता, सुशासन र जनसेवामा सुधार नगरे भविष्यमा अझ ठुलो राजनीतिक चुनौतीको सामना गर्नुपर्ने विश्लेषकहरू बताउँछन्।

# कालीकोटमा नेकपाका शाही विजयी



कर्णाली, २३ फाल्गुन। कालीकोटमा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार महेन्द्रबहादुर शाही विजयी हुनुभएको छ। प्रतिनिधिसभा सदस्य पदका लागि बिहीबार सम्पन्न निर्वाचनको परिणाम अनुसार शाहीले ११ हजार ३३८ मत प्राप्त गरी विजयी हुनुभएको हो। उहाँका निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का नगेन्द्र शाहीले १० हजार ३५२ मत प्राप्त गर्नुभएको थियो। नेपाली कांग्रेसका हर्षबहादुर बमले सात हजार ९३३ मत प्राप्त गर्नुभएको थियो।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का खड्गबहादुर विश्वकर्माले चार हजार ५९९ मत, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश न्यौपानेले दुई हजार १३७ र नेपाल मजदुर किसान पार्टीका नन्दबहादुर शाहीले ५९७ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालय कालीकोटले जनाएको छ।

**यस्तो छ शाहीको राजनीतिक यात्रा**

विसं.२०३३ माघ १५ गते पचालझरना गाउँपालिका ९ ( साबिकको नानीकोट गाविस. ८ कोटिला) कालिकोटमा जन्मिनुभएका शाही वडीमालिका माध्यामिक विद्यालय रास्कोटबाट एसएलसी उत्तीर्ण गर्नुभएको छ। विसं.२०४८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिनुभएका उहाँले नेकपा मसाल (एकता केन्द्र)बाट राजनीतिक यात्रा सुरु गर्नुभएको थियो। पार्टी सदस्यता लिएपछि उहाँ अर्धभूमिगत हुनुभएको थियो।

उहाँ २०५२ सालदेखि नेकपा ( माओवादी) पार्टीको भूमिगत राजनीतिमा संलग्न हुनुभएको थियो। तत्कालीन जनयुद्धमा होमिएसँगै शाहीले पार्टीको संगठन र छापामारमा समानान्तर भूमिका निर्वाह गर्नुभयो। जनयुद्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै उहाँले शान्ति प्रक्रिया हुँदै सेना समायोजनसम्म सैनिक क्षेत्रमै काम गर्नुभयो। माओवादी शान्तिप्रक्रियामा आएपछि उहाँ माओवादी केन्द्रको पोलिटब्युरो सदस्य तथा कालिकोट जिल्ला इन्चार्ज र हाल नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय नेता हुनुहुन्छ।

विसं.२०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी भई मुलुक सङ्घीयतामा गएपश्चात् २०७४ मंसिरमा सम्पन्न चुनावमा कर्णाली प्रदेशसभा सदस्यमा निर्वाचित शाहीले उक्त सालको फागुनदेखि २०७८ सम्म कर्णाली प्रदेशको प्रथम मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो। उहाँ विसं २०७० मा संविधानसभा सदस्य, ०७९ मा प्रतिनिधिसभा सदस्यमा विजयी हुनुभएको थियो।

# प्रतिनिधिसभा सदस्यमा काठमाडौँ–५ मा रास्वपाका पोखरेल विजयी

काठमाडौँ, २३ फाल्गुन। काठमाडौँ क्षेत्र नं ५ मा प्रतिनिधिसभा सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार सस्मित पोखरेल निर्वाचित हुनुभएको छ। बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उहाँले ३० हजार ७३७ मत प्राप्त गरी विजयी हुनुभएको छ। नवनिर्वाचित सांसद पोखरेलका प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रदीप पौडेलले नौ हजार १५९ मत प्राप्त गर्नुभएको छ। निर्वाचन अधिकृतको कार्यालयका अनुसार निर्वाचनमा नेकपा(एमाले)का ईश्वर पोखरेलले चार हजार सात सय एक मत प्राप्त गर्नुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका कमल थापाले एक हजार सात सय २९, उज्यालो नेपाल पार्टीका श्रीराम गुरुङले एक हजार एक सय, श्रम संस्कृति पार्टीका अमित थापाले सात सय ११ मत प्राप्त गर्नुभएको छ। सो निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी कूल २५ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्थ्यो। नवनिर्वाचित सांसद पोखरेलले मतदाताले देखाएको विश्वासले आफूहरु अत्यन्तै कृतज्ञ भएको उल्लेख गर्दै यो परिणाम कुनै व्यक्तिगत विजय नभई यस क्षेत्रका नागरिकप्रतिको ठूलो जिम्मेवारी भएको बताउनुभयो। "आजबाट हाम्रो कर्तव्य अझ ठूलो भएको छ। वास्तविक विजय आज होइन। आगामी पाँच वर्षमा जनताको विश्वास जोगाएर, इमानदारीका साथ काम गरेर, परिवर्तनको परिणाम देखाउन सकेपछि मात्र हाम्रो विजय पूर्ण हुनेछ", उहाँले भन्नुभयो।

# दैलेख–१ मा कांग्रेसकी थापा विजयी

दैलेख, २३ फाल्गुन। दैलेख क्षेत्र नं१ मा नेपाली कांग्रेसकी उम्मेदवार बासना थापा प्रतिनिधिसभा सदस्यमा विजयी हुनुभएको छ। बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मत परिणाम अनुसार थापा १२ हजार ३७२ मत प्राप्त गरी निर्वाचित हुनुभएको हो। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का उम्मेदवार रबीन्द्रराज शर्माले ११ हजार ७९६ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत कुलप्रसाद पाण्डेले जानकारी दिनुभयो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार सो निर्वाचन क्षेत्रमा कूल ७९ हजार ७०१ मतदाता रहेका थिए। निर्वाचन अधिकृत पाण्डेका अनुसार निर्वाचनमा रास्वपाका नन्दकिशोर बस्नेतले ८,१५१ मत, नेकपाका अम्मरबहादुर थापाले ४,२५६ मत,राप्रपाका रणबहादुर सिंहले ५९८ मत, नेमकिपाका जगतबहादुर ओलीले ३०२ मत, नेकपा माओवादीरामलाल विश्वकर्माले २३५ मत,राजमाका नरबहादुर सिंह ९१ मत, स्वतन्त्र लोगबहादुर बोगटीले २९ मत र आम जनता पार्टीका मेनुका श्रेष्ठले १६ मत प्राप्त गर्नुभएको छ।

यसैगरी, दैलेख क्षेत्र नं २ मा पनि मतगणना जारी रहेको छ। निर्वाचन अधिकृत लोकहरी कँडेलका अनुसार सो क्षेत्रमा नेकपा (एमाले) का लक्ष्मी प्रसाद पोखरेलले अग्रता लिइरहनुभएको छ भने उहाँलाई नेपाली कांग्रेसका दिक्पाल कुमार शाहीले पछ्याइरहनु भएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# मोरङ–४ मा रास्वपाका राजवंशी निर्वाचित

मोरङ, २३ फाल्गुन। राष्ट्रिय स्वतन्त्र पार्टीका सन्तोष राजवंशी मोरङ क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। बिहीबार सम्पन्न निर्वाचनको शनिबार बिहान सार्वजनिक भएको अन्तिम मतपरिणामअनुसार राजवंशीले ४० हजार ८३३ मत प्राप्त गरी विजयी हुनुभएको निर्वाचन अधिकृत घनेन्द्र अधिकारीले जानकारी दिनुभयो। निर्वाचन अधिकृत कार्यालय क्षेत्र नं ४ का अनुसार उहाँका निकटतम प्रतिस्पर्धीमा नेपाली कांग्रेसका महामन्त्री गुरुराज घिमिरेले १२ हजार ८१८ मत प्राप्त गर्नुभएको छ। त्यस्तै नेपाली कम्युनिष्ट पार्टीका अमनलाल मोदीले १० हजार ७६२ मत, नेकपा एमालेका जीवन घिमिरेले छ हजार ९३३ मत प्राप्त गर्नुभएको। सो निर्वाचन क्षेत्रमा कूल एक लाख १९ हजार २५५ मतदाता भएकामा ८० हजार ०८४ मत खसेको थियो। विभिन्न राजनीतिक दल र स्वतन्त्रसमेत गरी जम्मा १९ जना प्रत्यासीले प्रतिस्पर्धा गर्नुभएको थियो।

# मोरङ–६ मा रास्वपाकी आचार्य निर्वाचित

मोरङ, २३ फाल्गुन। मोरङ क्षेत्र नं ६ को प्रतिनिधिसभा सदस्य पदमा राष्ट्रिय स्वतन्त्र पार्टीकी रुविना आचार्य निर्वाचित हुनुभएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय क्षेत्र नं ६ द्वारा शनिबार बिहान सार्वजनिक गरिएको अन्तिम निर्वाचनको मतपरिणामअनुसार आचार्यले ५५ हजार ५१३ मत प्राप्त गरि निर्वाचित हुनुभएको मुख्य निर्वाचन अधिकृत चित्रबहादुर गुरुङले जानकारी दिनुभयो।

उहाँले प्रतिस्पर्धीमा नेपाली कांग्रेसका डा शेखर कोइरालाले १२ हजार ८५० मत प्राप्त गर्नुभएको छ। त्यस्तै नेकपा (एमाले)का विनोदप्रसाद ढकालले आठ हजार ३१७, श्रम संस्कृति पार्टीका मातृका पौडेलले तीन हजार ४०० र राष्ट्रिय प्रजातन्त्र पार्टीका सविन निरौलाले दुई हजार ९० मत प्राप्त गर्नु भएको छ। सो निर्वाचन क्षेत्रमा कूल एक लाख ३७ हजार ८३२ मतदाता भएकामा ९१ हजार २९२ मत खसेको थियो। उक्त निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्र समेत गरी जम्मा १७ जना प्रत्यासी हुनुहुन्छ।

# सर्लाही–२ मा रास्वपाका महतो विजयी

सर्लाही, २३ फाल्गुनः प्रतिनिधिसभा सदस्य निर्वाचनमा सर्लाही क्षेत्र नम्बर २ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का रविन महतो विजयी हुनुभएको छ। शनिबार दिउँसो सम्पन्न मतगणना अनुसार महतोले ४२ हजार ५१२ मत प्राप्त गर्नुभयो। सो क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीका महिन्द्रराय यादवले आठ हजार ५२३ मत प्राप्त गर्नुभयो। साथै नेपाली कांग्रेसका सरोजकुमारले सात हजार ३९, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजेन्द्र महतोले पाँच हजार ९९२, नेपाल संघीय समाजवादी पार्टीका रजी अहमदले दुई हजार २८३ मत मात्र प्राप्त गर्नुभएको निर्वाचन कार्यालयले जनाएको छ।

# पर्सा–३ मा रास्वपाका चौरसियाको फराकिलो अग्रता

पर्सा, २३ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत पर्सा क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का रामाकान्त चौरसियाले अग्रता फराकिलो बनाउनुभएको छ। निर्वाचन अधिकृत बुद्धिलाल श्रेष्ठका अनुसार कूल ४० हजार ७२० मत गणना हुँदा रास्वपाका चौरसियाले १७ हजार ३५२ मत प्राप्त गर्नुभएको छ। उक्त क्षेत्रमा नेपाली कांग्रेसका सुरेन्द्रप्रसाद चौधरीले नौ हजार ५२४ प्राप्त गर्नुभएको छ भने नेकपा (एमाले)का रूपेशकुमार पाण्डेले सात हजार ८४० मत ल्याउनुभएको छ।

पर्सा क्षेत्र नम्बर ३ बाट २३ जना उम्मेदवारले उम्मेदवारी दिनुभएको छ। यहाँ नौ जना स्वतन्त्र उम्मेदवार र १४ जना दलीय उम्मेदवार हुनुहुन्छ। कुल ९६ हजार पाँच सय ४२ मतदाना रहेकामा यहाँ प्रत्यक्षतर्फ ६७ हजार पाँच सय चार मत खसेको छ।

# सर्लाही–१ मा रास्वपाकी कार्की विजयी

सर्लाही, २३ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सर्लाही क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी नितिमा भण्डारी (कार्की) विजयी हुनुभएको छ। उहाँले कूल ४४ हजार १८१ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन कार्यालयले जनाएको छ। सो क्षेत्रमा नेपाली कांग्रेसका शम्भुलाल श्रेष्ठले सात हजार ८१७ मत मात्र प्राप्त गर्नुभयो भने नेकपा (एमाले)का मनोजकुमार देवकोटाले छ हजार १०१, नेकपाका उम्मेदवार प्रमोदकुमार साहले पाँच हजार ४९८, जनता समाजवादी पार्टीका रामप्रकाश चौधरीले तीन हजार ९९१ मत प्राप्त गर्नुभयो।

# तनहुँ–१ मा रास्वपा डा वाग्ले विजयी

तनहुँ, २३ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा स्वर्णिम वाग्ले विजयी हुनुभएको छ। शनिबार बिहान सम्पन्न मतगणनाअनुसार ३८ हजार ४० मत प्राप्त गरी वाग्ले विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका गोविन्द भट्टराईले १६ हजार २३१ मत प्राप्त गर्नुभएको छ। यस्तै नेकपा (एमाले)का भगवती न्यौपानेले पा'च हजार आठ सय ३० मत र नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकालले दुई हजार तीन सय ९३ मत प्राप्त गर्नुभएको छ। यस निर्वाचन क्षेत्रमा एक लाख २६ हजार आठ सय ८२ मतदाता रहेकामा ६८ हजार एक सय २९ मत खसेको थियो। डा वाग्ले तनहुँ क्षेत्र नम्बर १ मा दोस्रो पटक निर्वाचित हुनुभएको हो।

विसं २०८० वैशाख १० गते सम्पन्न उपनिर्वाचनमा डा. वाग्ले ३४ हजार नौ सय ११ मत प्राप्त गरी विजयी हुनुभएको थियो। त्यतिबेला पनि उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराई हुनुहुन्थ्यो। भट्टराईले २० हजार एक सय २२ मत प्राप्त गर्नुभएको थियो।

**को हुन् वाग्ले ?**

विसं २०३१ मा गोरखाको बुङ्कोटमा जन्मिनुभएका डा वाग्ले विसं २०८० वैशाखमा भएको उपनिर्वाचनमा तनहुँ क्षेत्र नम्बरबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो। राष्ट्रिय योजनाको आयोगको सदस्य, उपाध्यक्षका रूपमा काम गर्नुभएका वाग्लेले युनडिपी एशिया प्रशान्तका प्रमुख आर्थिक सल्लाहकारको रूपमा काम गर्नुभएको अनुभव छ। लण्डन स्कुल अफ इकोनमिक्स, हावर्ड विश्वविद्यालय र अष्ट्रेलियन नेशनल विश्वविद्यालयबाट उच्च शिक्षा प्राप्त गर्नुभएका वाग्ले विसं २०७१ मा नेपाल फर्कनुभएको थियो। वाग्ले नेपालका चर्चित अर्थशास्त्री, नीतिविज्ञ हुनुहुन्छ। उहाँ आर्थिक नीति, विकास योजना र सार्वजनिक नीतिमा गहिरो अध्ययन र अनुभव भएका व्यक्तिका रूपमा परिचित हुनुहुन्छ।

# चितवन–२ मा रास्वपा सभापति लामिछाने विजयी



चितवन, २३ फाल्गुन। चितवन क्षेत्र नं २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विजयी हुनुभएको छ। उहाँले ५४ हजार ४०२ मत प्राप्त गर्नुभयो। नेपाली कांग्रेसकी उम्मेदवार मीनाकुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गर्नुभएको छ। यस्तै नेकपा (एमाले)का अस्मिन घिमिरेले छ हजार ९९२ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका प्रताप गुरुङले चार हजार ४६९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत केदारनाथ पौडेलले जानकारी दिनुभयो। लामिछानेले यसअघि विसं २०८० मा भएको उपनिर्वाचनमा ५४ हजार १७६ मत प्राप्त गर्नुभएको थियो। यस्तै सो समयमा नेपाली कांग्रेसका उम्मेदवारले ११ हजार २१४ मत र एमालेका उम्मेदवारले १० हजार ९३६ मत प्राप्त गर्नुभएको थियो। यस निर्वाचन क्षेत्रमा कूल एक लाख ३७ हजार १५२ मतदाता भएकामा मत ८७ हजार २२१ खसेको थियो। यस निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्रसमेत गरी जम्मा २३ जना प्रत्यासी हुनुहुन्थ्यो।

# काठमाडौँ ९ मा रास्वपाका अर्याल विजयी

काठमाडौँ, २३ फाल्गुन। काठमाडौँ ९ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार डोलप्रसाद अर्याल प्रतिनिधिसभा सदस्यमा विजयी हुनु भएको छ। रास्वपाका उपसभापति एवम् सङ्घीय निर्वाचन सम्पादन समिति संयोजक समेत रहनुभएका अर्यालले ३५ हजार ९३ मत प्राप्त गर्नुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका नानुमैया बास्तोलाले पाँच हजार चार सय ६० मत प्राप्त गर्नुभएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार नेकपा(एमाले)का अजयक्रान्ति शाक्यले चार हजार पाँच सय ८०, राष्ट्रिय प्रजातन्त्र पार्टीका दिलकुमार कार्कीले एक हजार चार सय ५७ र नेपाली कम्युनिस्ट पार्टीका राधाकृष्ण महर्जनले एक हजार तीन सय २८ मत प्राप्त गर्नुभएको छ। सो निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्रसहित २४ उम्मेदवार प्रतिस्पर्धामा थिए।

# पर्सा–१ बाट रास्वापाका पन्त विजयी

पर्सा, २३ फाल्गुन। पर्सा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार बुद्धिप्रसाद पन्त विजयी हुनुभएको छ। मुख्य निर्वाचन अधिकृत गायत्रीप्रसाद रेग्मीले रास्वपाका उम्मेदवार पन्तले २७ हजार २७४ मत ल्याएर विजयी हुनुभएको घोषणा गर्नुभयो। पन्तले निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का उम्मेदवार प्रदीप यादवभन्दा १४ हजार २४४ को मतान्तरले हराउँदै प्रतिनिधिसभा सदस्यको यात्रा तय गर्नुभएको छ।

एमालेका उम्मेदवार यादवले १३ हजार ३० मत प्राप्त गर्नुभयो। त्यस्तै गरी नेपाली कांग्रेसका उम्मेदवार अनिलकुमार रूगटाले ११ हजार ८८५ मत ल्याउनुभएको छ। त्यस्तै जनता समाजवादी पार्टीका उम्मेदवार रामनरेशप्रसाद यादवले एक हजार २०१ मत प्राप्त गर्नुभएको छ। विजयी भएका उम्मेदवार पन्तले नेपाली जनताले परिवर्तन चाहिरहेकाले पनि यो जित सम्भव भएको बताउनुभयो।

पर्साको क्षेत्र नम्बर १ मा कूल ८९ हजार ६३८ मतदातामध्ये ६१ हजार २४७ जना अर्थात् ६८ दशमलव ३२ प्रतिशत मत खसेको थियो। यहाँ दलीय र स्वतन्त्रतर्फ गरेर ३० जना उम्मेदवार चुनावमा प्रतिस्पर्धा गर्नुभएको थियो। यहाँ समानुपातिकतर्फ भने ६२ हजार ३४९ अर्थात् ६९ दशमलव ५५ प्रतिशत मत खसेको छ।

# प्रतिनिधिसभा निर्वाचनमा पाँच स्थानमा महिला उम्मेदवार विजयी

काठमाडौँ, २३ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा हालसम्म पाँच स्थानमा महिला उम्मेदवार विजयी हुनुभएको छ। निर्वाचन आयोगका अनुसार काठमाडौँ– १ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का रञ्जु न्यौपाने १५ हजार ४५५ मत प्राप्त गरी विजयी हुनुभएको छ। साथै मोरङ–६ मा रास्वपाका रुविना आर्चाय ५५ हजार ५१३ मत, कास्की–३ मा रास्वपाका बिना गुरुङ ३७ हजार ७५० मत र कैलाली–१ रास्वपाका कोमल ज्ञवाली १७ हजार ८२६ मत प्राप्त विजयी हुनुभयो। दैलेख निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार बासना थापाले १२ हजार ३७२ मतप्राप्त गरी विजयी हुनुभएको छ।

जारी मतगणनामा रास्वपाकी सोविता गौतम (चितवन–३), डा तोसिमा कार्की (ललितपुर–३), इन्दिरा राना मगर (झापा–२), निशा डाँगी (झापा–१), नीतिमा भण्डारी (कार्की) (सर्लाही–१), आशिका तामाङ (धादिङ–१),पुष्पाकुमारी चौधरी (सप्तरी – १) र गौरीकुमारी (महोत्तरी–४) मा अग्रस्थानमा हुनुहुन्छ। प्रतिनिधिसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कूल तीन हजार ४०६ मध्ये महिला उम्मेदवार ३८८ जना हुनुहुन्थ्यो। आयोगका अनुसार हालसम्म ४५ स्थानमा नतिजा सार्वजनिक भइसकेको छ। पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ कूल १६५ निर्वाचन क्षेत्रमध्ये हाल ११८ स्थानमा मतगणना जारी छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)